यो आकाशवाणी हो

प्रमुख समाचार

- प्रधानमन्त्रीको भारत–इन्डोनेसिया रणनीतिक साझेदारी अझ मजबुत बनाउन आह्वान
- शिक्षा मन्त्रीले भन्नुभयो, भारतीय शिक्षाको विश्व विस्तारमा नयाँ अध्याय
- अमित शाहद्वारा सत्तरी लाख बिरुवा रोप्ने अभियानको शुभारम्भ
- शिवराज सिंह चौहानद्वारा 'प्रगति' परियोजनाको शुभारम्भ अनि
- केरलको कल्लाडी नजिक सुरुङ निर्माणस्थलमा गएको पहिरोमा तीन जनाको मृत्यु

-----------

- PM at Indonesian Parliament

प्रधानमन्त्री नरेन्द्र मोदीले भारत–इन्डोनेसिया रणनीतिक साझेदारीलाई अझ मजबुत बनाउन आह्वान गर्नुभएको छ। जकार्तामा इन्डोनेसियाको संसदलाई सम्बोधन गर्दै उहाँले यसबाट दुवै देशको समृद्धि बढ्नुका साथै क्षेत्रीय र विश्व शान्ति तथा स्थिरतामा पनि योगदान पुग्ने बताउनुभयो। प्रधानमन्त्री श्री मोदीले भारत र इन्डोनेसियाबीचको सम्बन्ध युगौँ पुरानो रहेको, दुवै देशमा लोकतान्त्रिक मूल्य, आपसी विश्वास र साझा भविष्यको दृष्टिकोण रहेको उल्लेख गर्नुभयो। उहाँले रक्षा, समुद्री सुरक्षा, व्यापार, डिजिटल प्रविधि, शिक्षा, कृत्रिम बुद्धिमत्ता (AI), महत्त्वपूर्ण खनिज, साइबर सुरक्षा र समुद्री सहकार्यका क्षेत्रमा सहयोग विस्तार गर्नुपर्नेमा जोड दिनुभयो।

श्री मोदीले UPI, शिक्षा, स्टार्टअप र नवप्रवर्तनजस्ता डिजिटल सार्वजनिक पूर्वाधारमा सहकार्य बढाउन पनि आग्रह गर्नुभयो। प्रधानमन्त्रीले भन्नुभयो, रामायणदेखि बोरोबुदुरसम्म फैलिएको साझा सांस्कृतिक सम्पदाले दुई देशबीचको गहिरो सभ्यतागत सम्बन्ध झल्काउने छ। प्रधानमन्त्री श्री मोदीले वर्तमान सम्बन्धलाई भारत–इन्डोनेसिया सम्बन्धको नयाँ अध्यायको शुरूवात भएको उल्लेख गर्दै भन्नुभयो.................

--------------------------------------X--------------------------------------

- Pradhan IIM

केन्द्रिय शिक्षा मन्त्री धर्मेन्द्र प्रधानले भन्नुभयो, भारतीय प्रबन्धन संस्थान (IIM) बेंगलुरूलाई इन्डोनेशियामा एउटा विदेशी परिसर स्थापित गर्ने अनुमति मिल्नुले भारतको शिक्षा क्षेत्रमा एउटा नयाँ अध्याय जोड़िएको छ। यस प्रस्तावलाई प्रधानमन्त्री नरेन्द्र मोदीले इन्डोनेशिया यात्राअवधि स्वीकृति दिनुभयो। उहाँले अघि भन्नुभयो, यतिको प्रतिष्ठित संस्थान विदेशी परिसरमा स्थापना हुनु भारतको ज्ञान परम्परा र शिक्षा प्रणालीको वैश्वीकरणको दिशामा एउटा महत्त्वपूर्ण पहल हो।

--------------------------------------X--------------------------------------

- **Delhi Amit Shah**

केन्द्रिय गृह मन्त्री अमित शाहले आज राष्ट्रिय राजधानीमा हरियाली बढाउने उद्देश्यले 'एक पेड माँ के नाम' अभियानअन्तर्गत सत्तरी लाख बिरुवा रोप्ने अभियानको शुभारम्भ गर्नुभयो।

उहाँले सेन्ट्रल रिजस्थित राष्ट्रपति अंगरक्षक दल परिसर र नानकपुरा रिज क्षेत्रमा बिरुवा रोपेर अभियानको शुरूवात गर्नुभयो। यस अवसरमा विभिन्न विकास परियोजनाको उदघाटन पनि गरिएको छ।

कार्यक्रममा दिल्लीका उपराज्यपाल तरणजीत सिंह सन्धु, मुख्यमन्त्री रेखा गुप्ता, केन्द्रिय पर्यावरण, वन तथा जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादव, दिल्लीका पर्यावरण मन्त्री मनजिन्दर सिंह सिरसा तथा यातायात मन्त्री डाक्टर पंकज कुमार सिंहलगायतको उपस्थिति थियो।

--------------------------------------X--------------------------------------

- **Chauhan Pragati**

कृषि मन्त्री शिवराज सिंह चौहानले आज 'प्रगति' परियोजनाको शुभारम्भ गर्नुभयो। यस परियोजनाको उद्देश्य बीस हजारभन्दा अधिक कृषि उद्यमी र बीस लाख किसानलाई सशक्त बनाउनु हो।

नयाँ दिल्लीमा सञ्चारकर्मीसँग कुरा गर्दै मन्त्री श्री चौहानले विकसित भारतको लक्ष्य हासिल गर्न कृषि विकास, समृद्ध गाउँ र समृद्ध किसान आवश्यक रहेको बताउनुभयो। उहाँले सरकार यस लक्ष्य प्राप्तिका लागि हरसम्भव प्रयासरत रहेको पनि उल्लेख गर्नुभयो।

मन्त्री चौहानकाअनुसार 'प्रगति' कार्यक्रमअन्तर्गत छब्बीस हजार साना कृषि उद्यमीलाई तालिम प्रदान गरिनेछ। उहाँले यस्ता उद्यमीहरूले एक गाउँमा एक सयदेखि दुई सय

किसानसँग सहकार्य गर्दै कृषि क्षेत्रमा परिवर्तन ल्याउन महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

--------------------------------------X--------------------------------------

- **Kerala - Landslides**

केरलको वायनाड जिल्लाको मेप्पडीस्थित कल्लाडी नजिक सुरुङ निर्माणस्थलमा लगातारको वर्षापछि गएको पहिरोमा तीन जनाको मृत्यु भएको छ। घटनामा माटोमुनि फसेका नौजना मजदुरको उद्धार गरी मेप्पडी सरकारी मेडिकल कलेज अस्पतालमा भर्ना गरिएको छ। अन्य छजना अझै बेपत्ता छन् र उनीहरू पहिरोमा पुरिएको आशंका छ। उद्धारका लागि अग्निनियन्त्रण तथा आपदा उद्धार टोली परिचालन गरिएको छ।
केरल राज्य आपदा प्रबन्धन प्राधिकरणकाअनुसार सुरुङ निर्माणका क्रममा थुपारिएको माटो र ढुंगा लगातारको भारी वर्षाका कारण खस्दा सडकसमेत अवरुद्ध भएको हो।
वायनाडमा हिजोदेखि लगातार भारी वर्षा भइरहेको छ। वायनाड र कोझिकोड जिल्लाका लागि रेड अलर्ट जारी गरिएको छ भने वायनाडका सबै शैक्षिक संस्था भोलि बन्द रहने जनाइएको छ।

--------------------------------------X--------------------------------------

- **JK Cloudburst**

यता, जम्मू-कश्मीरमा भारी वर्षाका कारण आज बिहान डोडा जिल्लाको थथरी क्षेत्रमा बादल फाट्दा धेरै घर अनि दोकानहरूलाई क्षति पुगेको छ। हाम्रा जम्मू संवाददाताअनुसार बादल फाट्नाले कसैको ज्यान गएको अनि घाइते भएको भने खरब छैन। उपराज्यपाल मनोज सिन्हाले स्थितिको जायजा लिन डोडाका उपायुक्तसित कुरा गरिनका साथै जिल्ला प्रशासनलाई प्रभावित परिवारलाई तत्काल राहत र सहायता दिन निर्देश दिएको बताउनुभयो। उहाँले अधिकारीहरूलाई राष्ट्रिय राजमार्ग-244 सफा गर्नका साथै पुनर्निर्माण कार्यमा गती ल्याउन र प्रभावित क्षेत्रमा सामान्य स्थिति बहाल गर्न त्वरित उपाय सुनिश्चित गर्ने पनि निर्देश दिनुभयो।

--------------------------------------X--------------------------------------

- **VP Drug free**

उपराष्ट्रपति CP राधाकृष्णनले दिल्ली विश्वविद्यालयका तेहीस लाखभन्दा बढी विद्यार्थीले लागुऔषधमुक्त रहने प्रतिबद्धता जनाएकोमा प्रशंसा गर्नुभएको छ। सामाजिक सञ्जालमार्फत

उहाँले यति ठूलो सङ्ख्यामा विद्यार्थीले एकैसाथ गरेको प्रतिबद्धताले स्वस्थ, सबल र समृद्ध भारत निर्माणप्रति उनीहरूले दृढ संकल्प झल्काएको बताउनुभयो।

उपराष्ट्रपतिले देशभरिका विश्वविद्यालयलाई पनि यस अभियानमा सहभागी भई विद्यार्थीलाई लागुऔषधबाट टाढा रहन प्रेरित गर्न आग्रह गर्नुभएको छ। श्री राधाकृष्णनले शिक्षण संस्थाहरूलाई 'नशामुक्त भारत अभियान' मा सक्रिय रूपमा सहभागी हुन पनि आह्वान गर्नुभयो।

--------------------------------------X--------------------------------------

- AP Naidu

केन्द्रिय नागरिक उड्डयन मन्त्री K राम मोहन नायडुले भोगापुरम अन्तरराष्ट्रिय विमानस्थलले एयरोड्रोम सञ्चालन गर्न अनुमति प्राप्त गरेसँगै उदघाटनका लागि तयारी पूरा भएको बताउनुभयो। विमानस्थलको निरीक्षणपछि उहाँले आन्ध्र प्रदेश सरकारले उदघाटनको मिति तय गर्न प्रधानमन्त्री नरेन्द्र मोदीसँग अनुरोध गरेको जानकारी दिनुभयो। उहाँकाअनुसार केन्द्र सरकार, राज्य सरकार र GMR समूहको सहकार्यमा यो परियोजना निर्धारित समयभन्दा अघि नै सम्पन्न भएको हो।

मन्त्री श्री नायडुले विमानस्थललाई वार्षिक चार करोड यात्रु सेवा दिनसक्ने क्षमतासहित विकास गरिएको र यहाँ अन्तरराष्ट्रियस्तरका सुविधा उपलब्ध रहेको बताउनुभयो।

--------------------------------------X--------------------------------------

- NHRC Online Hearing

राष्ट्रिय मानवअधिकार आयोगले यही जुलाई नौंमा हरियाणाका विभिन्न जिल्लाका इँटा भट्टामा भएको भनिएको बन्धुवा मजदुरीसँग सम्बन्धित छ्यासीवटा मुद्दाको अनलाइन सुनुवाइ गर्ने भएको छ। आयोगका अध्यक्ष न्यायाधीश V रामासुब्रमणियनको अध्यक्षतामा हुने सुनुवाइमा सम्बन्धित अधिकारीहरूले बन्धुवा मजदुरको पहिचान, उद्धार र ई-श्रम पोर्टलमा दर्ताको अवस्थाबारे जानकारी दिनेछन्।

सुनुवाइमा बन्धुवा मजदुरी उन्मूलन ऐन, १९७६ को कार्यान्वयन, सर्वोच्च न्यायालयका आदेशको पालना तथा आयोगका उजुरीमाथि भएको कारबाहीको पनि समीक्षा गरिनेछ। आयोगले सुनुवाइमा हरियाणा सरकारका मुख्य सचिव वा उनका प्रतिनिधि, श्रम आयुक्त तथा सम्बन्धित सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई अनिवार्य रूपमा उपस्थित हुन निर्देशन दिएको छ।

---------------------------------------X---------------------------------------

- **Ministry of Textiles CWG**

वस्त्र मन्त्रालयअनुसार राष्ट्रिय जुट बोर्डले जुट र भिस्कोसको मिश्रणबाट विशेष पोशाक तयार गरेको छ। यी पोशाक यस वर्ष राष्ट्रमण्डल खेलकुदमा सहभागी हुने भारतीय खेलाडी र टोलीका सदस्यले लगाउनेछन्। मन्त्रालयकाअनुसार यस पहलको उद्देश्य दिगो वस्त्र प्रवर्द्धन गर्नुका साथै प्राकृतिक रेशाको क्षेत्रमा भारतको नवप्रवर्तन क्षमता प्रदर्शन गर्नु हो।

राष्ट्रमण्डल खेलकुद २०२६ का लागि भारतीय टोलीको आधिकारिक पोशाक सार्वजनिक तथा बिदाइ समारोह आज नयाँ दिल्लीमा सम्पन्न भयो। कार्यक्रममा वस्त्र मन्त्री गिरिराज सिंह, युवा तथा खेलकुद मन्त्री डाक्टर मनसुख माण्डविया र राज्यमन्त्री रक्षा खडसे सहभागी हुनुहुन्थ्यो।

---------------------------------------X---------------------------------------

- **JK Amarnath Yatra**

जम्मू-कश्मीरमा श्री अमरनाथ यात्राले एउटा महत्त्वपूर्ण उपलब्धी हासिल गरेको छ। वार्षिक तीर्थयात्राको पाँचौं दिन आज पवित्र गुफामा दर्शन गर्ने तीर्थयात्रीहरूको संख्यामा एक लाखको आँकड़ा पार भएको छ। हाम्रा संवाददाताअनुसार आज दिउँसो तीन बजीसम्ममा बीस हजार पाँच सय सैंतीसजना तीर्थयात्रीहरूले मन्दिरको दर्शन गरे। यसका साथै पहिलो पाँच दिनमा पवित्र गुफा मन्दिरमा दर्शन गर्ने तीर्थयात्रीहरूको कुल संख्या एक लाख छ हजार तीन सय सोल्ह भएको छ। यसैबीच, तीर्थयात्रीहरूको सुरक्षा र सुविधा सुनिश्चित गर्न सबै आवश्यक व्यवस्था गरिएको छ।

---------------------------------------X---------------------------------------

- **AE Mango**

कृषि तथा प्रशोधित खाद्य पदार्थ निर्यात विकास प्राधिकरणले झारखण्डबाट दुई मेट्रिक टन आम्रपाली आँपको पहिलो व्यावसायिक निर्यात दुबईमा गरेको छ। भारतको वाणिज्य तथा उद्योग मन्त्रालयकाअनुसार य ो आँप गुमला र देवघर जिल्लाका महिलाद्वारा सञ्चालित तीन किसान उत्पादक कम्पनीबाट खरिद गरिएको हो। यी कम्पनीहरू ‘बिरसा हरित ग्राम योजना’ अन्तर्गत विकास गरिएका हुन्।

---------------------------------------X---------------------------------------